जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) सिरहाको बैठक ;

प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलको अध्यक्षतामा आज मिति २०७८/०१/०६ गते सोमवारका दिन जिल्ला प्रशासन कार्यालय, सिरहामा बस्यो ।

**विशेष उपस्थिति:**

समन्वय प्रमुख, श्री रामचन्द्र ठाकुर, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा

नगर प्रमुख, श्री अशेश्वर प्रसाद यादव, सिरहा नगरपालिका, सिरहा

**उपस्थित:**

| क्र.स. | नाम थर | पद | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री प्रदीपराज कणेल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, सिरहा | |
| २ | श्री सुदिपराज भण्डारी | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, सिरहा | |
| ३ | श्री दिपेन्द्र गिरी | सशस्त्र प्रहरी उपरीक्षक | सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण | |
| ४ | श्री उत्तम कटेल | सह सेनानी | शेर गण चोहर्वा | |
| ५ | श्री राम अचल साह | अनुसन्धान अधिकृत | राष्ट्रिय अनुसन्धान जि. का., सिरहा | |
| ६ | श्री वलिराम यादव | प्रमुख प्रशासकीय अधिकृत | सिरहा नगरपालिका, सिरहा | |
| ७ | श्री कृष्ण देव यादव | प्रमुख | स्वास्थ्य कार्यालय, सिरहा | |
| ८ | डा. विरेन्द्र कुमार मण्डल | मे.सु. | लहान अस्पताल,लहान, सिरहा | |
| ९ | डा. सुभाष चन्द्र मण्डल | नि. प्रमुख | सिरहा अस्पताल, सिरहा | |
| १० | श्री रामवृक्ष महतो | प्रमुख | शिक्षा विकास तथा समन्वय ईकाई | |
| ११ | श्री राजदेव यादव | सभापति | नेपाल रेडक्रस सोसाइटी, सिरहा | |
| १२ | श्री प्रमोद कुमार पौद्दार | प्रमुख | उद्योग बाणिज्य संघ, सिरहा | |
| १३. | शिव दयाल यादव | सचिव | नेपाल पत्रकार महासंघ शाखा, सिरहा | |
| | | | | |

## जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) सिरहाको बैठक मिति २०७८/०१/०६ गते।

### बैठकको कारवाही एवम् निर्णय

१. कोभिड-१९ संक्रमण जोखिम एवं व्यवस्थापनको सिरहा जिल्लाको हालको देहायको अवस्थावारे बैठकमा अवगत भयो ;

क) कोभिड संक्रमणको अवस्था :

| जिल्ला | चेकजाँच गरेको संख्या | फिर्ता गरेको संख्या | जिल्लामा रहेका क्वारेन्टाईन स्थलको संख्या | क्वारेन्टाईन वेड संख्या | क्वारेन्टाईन | | | क्वारेन्टाईनवाट फर्ता गरेको संख्या | आईसोलेसन वेड संख्या | होम आईसोलेसन | | | अस्पताल आईसोलेसनमा रहेको विरामी संख्या | आईसोलेसनवाट फिर्ता गरिएको संखया | स्वाब संकलन गरिएका व्यक्तिको संख्या | स्वाब परिक्षण भएका व्यक्तिको संख्या | जम्मा संक्रमित | निको भएका | मृत्यु | PPE / PPE Gown को संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पु. | म. | ज. | | | पु. | म. | ज. | | | | | | | | |
| सिरहा | ० | ० | ८ | ० | ० | ० | ० | ८६८५ | १५० | ७ | ० | ० | १ | १६२३ | १२४६६ | १२४६६ | १६६७ | १६३४ | २५ | ३४०० |

ख) कोभिशिल्ड भ्याक्सिन व्यवस्था:

| प्राप्त खोप संख्या | पहिलो डोज खोप लगाएकाको चरण | | दोस्रो खोपको केन्द्र र तालिका | | कै. |
|---|---|---|---|---|---|
| | पहिलो संख्या | दोस्रो संख्या | मिति | केन्द्र | |
| हाल सम्मको प्राप्त भाईल ८७०+ ३२५०+६०७ गरी जम्मा ४७२७/- प्राप्त भएको | ३४२६ जना | २९२४ जना | २०७८/०१/०७ देखि ९ सम्म | च.मा.वि को प्राङ्गन, सिरहा<br>लहान अस्पताल, लहान | |
| | **जम्मा :६,३५०/-** | | २०७८/०१/०८ देखि ०९ सम्म | स्वा. चौकी कल्याणपुर<br>स्वा. चौकी विष्णुपुर<br>स्वा. चौकी नरहा वलकावा<br>प्राथमिक स्वा. केन्द्र मिर्चैया<br>कोभिड अस्पताल कर्जन्हा, ६, वेतहा<br>स्वास्थ्य चौकी सखुवानन्कारकट्टी | |
| | | | २०७८/०१/१० देखि ११ सम्म | प्राथमिक स्वा. केन्द्र भगवानपुर<br>प्राथमिक स्वा. केन्द्र औरही<br>प्राथमिक स्वा. केन्द्र नवराजपुर<br>स्वास्थ्य चौकी अर्नामा<br>स्वास्थ्य चौकी सुखिपुर<br>स्वास्थ्य चौकी गोलबजार<br>नयनपुर अस्पताल<br>स्वास्थ्य चौकी बरियारपट्टी<br>स्वास्थ्य चौकी महेशपुर | |

पहिलो डोज लगाई सकिएकाहरुलाई सो केन्द्रमा दोस्रो डोज लगाउन अनुरोध गर्ने।

२. विगतमा सिरहा अस्पतालबाट संचालित आईसोलेसन व्यवस्थापन खर्चको बक्यौता रु. २,३७,६९,११९/- करार कर्मचारी ६२ जनाको २०७७ श्रावण देखि कार्तिक सम्मको पारिश्रमिक रु ६५,००,३७८/- र जोखिम भत्ता रु. ६३,८२,५००/- गरी जम्मा रु. १,२८,८२,८७८/- हाल सम्म भुक्तानीका लागि प्रदेश सरकार-प्रदेश नं.२ बाट रकम विनियोजन नभई सरोकारवालाहरु वारम्वार रकम भुक्तानी माग्न आई रहेको विषयमा कयौ पटक अनुरोध हुँदा पनि हाल सम्म बक्यौता रकम निकासा नभएको संवेदनशील विषय पुन: प्रदेश सरकार, प्रदेश नं. २ समेतमा अनुरोध गर्ने ।

३. सिरहा जिल्लाको माडर नाकाबाट भित्रिने व्यक्तिकालागि स्वास्थ्य जाँच डेस्क संचालनमा ल्याईएतापनि ३ जना जना स्वास्थ्यकर्मी मात्र रहेको, स्वास्थ्य सेवा विभागबाट ४ जना स्वास्थ्यकर्मी खटाईएको भनिएता पनि हाल सम्म कार्य स्थलमा १ जना मात्र आएको,

माडर नाकाबाट भित्रिने संख्या बढिरहेको तर होल्डिङ्‌ सेन्टर संचालनमा ल्याई-पोजेटिभ देखिएमा आईसोलेसनमा राख्न र गन्तव्य सम्म पु-याउन सवारी/साधन/इन्धन/चालक समेतका लागि बजेट नभएको ,

नयाँ आईसोलेसन चलाउन हाल सम्म बजेटको सुनिश्चित्ता नभएको हुँदा बजेट निकासागरी दिन प्रदेश सरकार, प्रदेश नं.२ मा पुन: अनुरोध गर्ने ।

४. सिरहा अस्पतालबाट धनगढीमाई न.पा. मा संचालित महेन्द्र गेन्याई स्मृती अस्पतालमा संचालित आईसोलेसन तर्फको तिर्न बाँकी विद्युत महसुल जिल्ला प्रशासन कार्यालयको कोभिड कोषबाट भुक्तानी दिन मिति २०७७/१२/२९ गतेको निर्णय नं. ५ मा भएको निर्णय अनुरुप सिरहा अस्पतालको मिति २०७७/१२/३१ च.नं. ५४९ को पत्र साथ नेपाल विद्युत प्राधिकरणलाई रु. १,७२,७००/- भुक्तानी दिने विषय बैठकमा अवगत भयो ।

५. कोभिड-१९ संक्रमण जोखिम व्यवस्थापनकालागि;

क) तत्कालैबाट विगतको सिचुएसन सेन्टरलाई पुन: संचालनमा ल्याउने ।

यसमा विगतको झै आवश्यक्ता अनुरुप मोवाईलमा रिचार्जगरी सूचना आदान प्रदान गर्न २०७८ बैशाख देखि प्रति व्यक्ति प्रति महिना रु २,०००/- (रुपैया. दुई हजार मात्र) ४ जना सम्मलाई कोभिड कोषबाट जिल्ला प्रशासन कार्यालयले भुक्तानी दिने ।

६. सामुदायिक/संस्थागत तथा सवै विद्यालय/ शैक्षिक संस्थाहरुले कडाईका साथ स्वास्थ्य सुरक्षा मापदण्ड अवलम्वन गर्ने गराउने र सो को दैनिक अनुगमन सवै वडा र न.पा./गा.पा. /शिक्षा विकास तथा समन्वय ईकाइ समेतले गरी अभिलेख राख्ने ।

७. कोभिड-१९ को नयाँ स्वरुपको जोखिम हुन सक्ने अवस्थालाई दृष्टिगत गरी ;

क) हरेक स्थानीय तहलाई पूर्व तयारी र प्रतिकार्य योजना बनाई पेश गर्न अनुरोध गर्ने ।

ख) भीडभाड नगर्न, भीडभाड हुने गरी कार्यक्रम संचालन नगर्न नगराउन सरोकारवाला सवैमा अनुरोध गर्ने ।

ग) मास्क लगाउन, दुरी कायम गर्न, सावुन पानीले हात धुन वा आवश्यक्ता अनुरुप सेनीटाईजरको प्रयोग गर्न गराउन पुन: सवैमा अनुरोध गर्ने ।

घ) कोभिड-१९ संक्रमणको संक्रमित व्यक्ति वारे प्राप्त सूचना नजिकको स्थानीय तहका पदाधिकारी, सुरक्षा निकाय वा स्वास्थ्यकर्मीलाई तत्कालै सूचित गर्न सवैमा अनुरोध गर्ने ।

८. जनस्वास्थ्यको मापदण्ड उल्लंघन गर्नेलाई संक्रामक रोग ऐन २०२० बमोजिम कडा कारवाही गर्ने

९. सवै नागरिकहरुले कोभिड-१९ को संक्रमणबाट जोगिन संवदेनशील बनि दिनु हुन र जनस्वास्थ्यका मापदण्डहरु कडाईका साथ पालना गर्न र गराउन भुमिका खेलिदिनु हुन र **मेरो स्वास्थ्य मेरो जिम्मेवारी** भन्ने बुझेर जिम्मेवार बनि दिनु हुन सार्वजनिकरुपमा अपिल गर्ने तथा सवै स्थानीय तहहरुलाई माईकिङ्ग मार्फत जनचेतना फैलाउन अनुरोध गर्ने ।

१०. स्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी निर्देशन बमोजिम जिल्लाका सवै अस्पतालहरुले अनिवार्यरुपमा फिभर क्लिनिक संचालन गर्न तथा कोभिड-१९ परिक्षणका लागि नमुना संकलन तथा परीक्षणको तत्कालै व्यवस्थापन गर्ने ।

११. नियमित रुपमा अस्पतालहरुमा सेवा लिन आईरहेका सेवाग्राहीहरुलाई कोभिड-१९ को संक्रमण पुष्टि भएका आधारमै मात्र अन्य अस्पतालहरुमा पठाएर दुख नदिने ।

१२. मिति २०७७/१२/२९ को DCCMC बैठको कार्यादेश बमोजिम सिरहा अस्पताल सिरहा, लहान अस्पताल,लहान , स्वास्थ्य कार्यालय, सिरहामा कोभिड -१९ को रोकथाम व्यवस्थापन लगायतका कार्यको लागि O&M गरी निम्न बमोजिमको कर्मचारी मागको लागि प्रदेश सरकार, प्रदेश नं.२, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गर्ने निर्णय भएकोमा देहाय अनुरुप हुने गरी सिफारिस गर्ने ;

**सिरहा अस्पताल सिरहामा ५० वेडको आईसोलेसन वार्ड संचालनका लागि आवश्यक कर्मचारीहरु :**

| पद | तह | संख्या | कैफियत |
|---|---|---|---|
| फिजिसियन | नवौं | ३ जना | |
| मे.अ. | आठौं | ५ जना | |
| BN/BSC Nursing | सातौं | २ जना | |
| स्टाफ नर्स | पाँचौं | ७ जना | |
| ANM | चौथो | ७ जना | |
| HA | पाँचौं | ५ जना | |
| AHW | चौथो | ५ जना | |
| Computer Operator | पाँचौ | १ जना | |

**सिरहा अस्पतालमा १५ वेडको HDU संचालनकालागि आवश्यक कर्मचारीहरु :**

| पद | तह | संख्या | कैफियत |
|---|---|---|---|
| MO | आठौं | ५ जना | |
| BSC Nursing | सातौं | २ जना | |

| | | | |
|---|---|---|---|
| स्टाफ नर्स | पाँचौं | ८ जना | |
| HA | पाँचौं | ६ जना | |
| ANM | चौथो | ८ जना | |
| AHW | चौथो | ५ जना | |

**सिरहा अस्पतालमा ५ वेडको ICU र २ वटा भेन्टिलेटर संचालनकालागि आवश्यक कर्मचारीहरु :**

| पद | तह | संख्या | कैफियत |
|---|---|---|---|
| General Physician | नवौं | १ जना | |
| Anesthesiologist | नवौं | ३ जना | |
| Anesthesia Assistant | पाँचौं | ५ जना | |
| ICU Nurse (SN) | पाँचौं | ८ जना | |
| का.स. | श्रेणि विहिन | ४ जना | |
| Swiper | श्रेणि विहिन | ४ जना | |

**लहानअस्पताल लहानमा ५० वेडको आईसोलेसन वार्ड संचालनका लागि आवश्यक कर्मचारीहरु :**

| पद | तह | संख्या | कैफियत |
|---|---|---|---|
| फिजिसियन | नवौं | ३ जना | |
| मे.अ. | आठौं | ५ जना | |
| BN/BSC Nursing | सातौं | २ जना | |
| स्टाफ नर्स | पाँचौं | ७ जना | |
| ANM | चौथो | ७ जना | |
| HA | पाँचौं | ५ जना | |
| AHW | चौथो | ५ जना | |
| Computer Operator | पाँचौ | १ जना | |

लहान अस्पतालमा ICU र भेन्टिलेटरको लागि टेन्डर प्रकृयामा गैई सकेको आवश्यक्ता अनुसार वैक्लपिक भवन समेत खोजी गर्ने लहान अस्पताल-लहानमा ICU र भेन्टिलेटर संचालनकालागि आवश्यक कर्मचारीहरु :

| पद | तह | संख्या | कैफियत |
|---|---|---|---|
| General Physician | नवौं | १ जना | |
| Anesthesiologist | नवौं | २ जना | |
| Anesthesia Assistant | पाँचौं | ३ जना | |
| ICU Nurse (SN) | पाँचौं | ८ जना | |
| का.स. | श्रेणि विहिन | ४ जना | |
| Swiper | श्रेणि विहिन | ४ जना | |

स्वास्थ्य कार्यालय सिरहाको CICT को लागि आवश्यक कर्मचारीहरु :

| पद | तह | संख्या | कैफियत |
|---|---|---|---|
| BPH गरेको जनस्वास्थ्य अधिकृत | सातौं | २ जना | |
| HA | पाँचौं | ४ जना | |
| Computer Operator | पाँचौं | १ जना | |
| का.स. | श्रेणि विहिन | २ जना | |

१३. छिमेकी देश भारतमा प्रतिदिन लाखौंको संख्यामा कोभिड-१९ संक्रमण देखा परेको र सिरहा जिल्लाको खुल्ला सीमानाबाट समेत दैनिक रुपमा आवत जावत गर्ने व्यक्तिहरुलाई रोक्नका लागि सीमामा खटिएका सशस्त्र प्रहरी बलको संख्या अपुग रहेकोहुँदा थप जनशक्ति उपलव्धताका लागि गृह मन्त्रालय एवं सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयमा अनुरोध गर्ने ।

१४. जिल्ला स्थित नेपाल प्रहरी लगायतका सुरक्षाकर्मी मुद्दाको शिलशीलामा रहेका थुनुवा, कारागारका कैदी बन्दीहरुको निशुल्क कोभिड-१९ जाँच परीक्षण गरी उपलव्ध औषधी उपचारको व्यवस्था सिरहा अस्पताल/लहान अस्पताललाई मिलाउने ।

१५. सिरहा अस्पतालमा मिति २०७८/०१/०५ गते देखि भर्ना भई उपचाररत रहेका १ महिला विरामीमा मिति २०७८/०१/०६ गते कोभिड-१९ को संक्रमण पुष्टि भएको र निजको उपचारको क्रममा अस्पतालका चिकित्सक/स्वास्थ्यकर्मी लगायतका कर्मचारीहरु समेत expose भएको हुनाले संक्रमण फैलन नदिन अत्यावश्यक इमरजेन्सी सेवा वाहेकका सेवाहरु हाललाई वन्द गर्ने । अस्पताललाई Disinfection तथा कर्मचारिहरुको कोभिड-१९ को परीक्षण गरी पुन: सेवाहरु संचालनमा ल्याउने